**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 5, Volume 5, Issue 1, April 2023
Published by Sotang Public Campus

# नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखन क्षमता

**शक्तिराज नेपाल**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Shakti Raj Nepal Email: snepal758@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v5i1.65061*

**लेखसार**

*नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखन क्षमता नै यस लेखको शीर्षक हो । त्रिभुवन विश्वविद्यालय, स्नातक तह, नेपाली शिक्षामा अध्ययनरत जम्मा २१ जना विद्यार्थीलाई मात्र यस लेखमा नमुनाका रूपमा लिइएको छ । यस लेखमा उक्त नेपाली शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको मात्र तार्किक लेखन क्षमताको परीक्षण तथा विश्लेषण गर्ने उद्देश्य राखिएको छ । अध्ययनका लागि अनुच्छेदभित्रको तर्क प्रस्तुतिभित्र दाबी, प्रमाण, उदाहरण, सहयोगी वाक्य तथा शब्द र पुष्टि, तर्कको पक्ष तथा विपक्षलाई विश्लेषणको अध्ययनीय वस्तु बनाइएको छ भने समग्रता र भाषिक पृष्ठभूमिलाई अध्ययनको आधार बनाई तथ्याङ्कशास्त्रीय मध्यमान र प्रतिशत विधिद्वारा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस अध्ययनको प्राप्तिअनुसार नेपाली शिक्षाका विद्यार्थीको तर्कको दाबी गर्ने क्षमतामा ६३ प्रतिशत तथा तर्कको प्रमाण तथा सन्दर्भमा ७७.३८ प्रतिशत क्षमता रहेको पाइएको छ । साथै तर्कको पुष्टि गर्ने क्षमता ६७.८५ प्रतिशत रहेको पाइएको छ भने तर्कको उदाहरण तथा तथ्य प्रस्तुति दिने क्षमतामा ५८.३३ प्रतिशत पाइएको छ । यसैगरी तर्कको पक्ष तथा विपक्ष प्रस्तुत गर्ने क्षमता ५९.५२ प्रतिशत रहेको पाइएको छ । समग्रमा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखनको क्षमता ६५.२१% प्रतिशत रहेको छ । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीको औसत क्षमता ७३.५१ प्रतिशत रहेको पाइएको छ भने नेपाली विमातृभाषी विद्यार्थीको औसत क्षमता ७७.९५ प्रतिशत रहेको पाइएको छ । लेखाइ सिपको विशिष्ट अभ्यासका रूपमा तार्किक लेखनलाई लिइने भएकाले विद्यार्थीले लेखन अभ्यासमा एकरूपता, प्राज्ञिक प्रकृतिको तार्किक ढाँचा, परिष्कृत भाषाशैली तथा तथ्ययुक्त लेखनको अभ्यासमा बढी जोड दिनुपर्ने देखिन्छ । स्थलगत सर्वेक्षण तथा कक्षा अवलोकन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको यस लेखमा परिमाणात्मक अध्ययन पद्धतिलाई अपनाइएको छ । प्राज्ञिक प्रकृतिको तार्किक लेखन जस्तो विशिष्ट प्रकृतिको लेखनमा विद्यार्थी, शिक्षक तथा सरोकारवालाहरूले अलि बढी ध्यान दिनुपर्ने देखिन्छ र ती*

*सरोकारवालाहरूलाई यस अध्ययनले तार्किक तथा स्तरीय लेखनका सवालमा सहयोग पुर्‍याउने देखिएको छ ।*

***सूचक शब्द :*** *अभिव्यक्ति, उदाहरण, तार्किकता, दाबी, प्रमाण, सन्दर्भ ।*

## विषयपरिचय

भाषाशिक्षणमा भाषाका चारवटा सिपहरूको अभ्यास गरिन्छ ।"भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सिप प्रमुख हुन्छ (शर्मा र पौडेल, २०६८, पृ. १) ।" बोध र अभिव्यक्तिको विकासका लागि भाषा शिक्षणमा भाषिक गतिविधि गरिन्छ । भाषाका सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये विकसित र स्तरीय सिपका रूपमा लेखाइ सिपलाई मानिन्छ किनकि यसलाई उपल्ला वा उच्च मावि र विश्वविद्यालयका कक्षाहरूमा विकास हुने सिपका रूपमा अभ्यास गरिन्छ । यसमार्फत भाषा शिक्षणमा प्रदानात्मक सिपको विकास गर्ने उद्देश्य राखिन्छ । भाषाका सिपमा लेखाइ सिपले उन्नत स्तरको सिपको प्रतिनिधित्व गर्दछ । यसलाई भाषाशिक्षणकै विषयमा विकसित सिपका रूपमा अभ्यास गरिन्छ । "कक्षाका अधिकांश गतिविधिहरू लेखनकै सेरोफेरो घुम्दछन् (शर्मा र पौडेल, २०६८, पृ. ३६८)।" भाषा शिक्षणमा लेखाइ सिपअन्तर्गत पूर्ववर्ती र उत्तरवर्ती क्रियाकलापमार्फत विकास हुने सिपको अभ्यास गराइन्छ । तर्क प्रस्तुत गर्न, व्याख्या गर्न, वर्णन गर्न, घटनाक्रम मिलाउन, चित्र वर्णन गर्न, प्रश्नोत्तर गर्न, टिपोट गर्न, स्पष्टीकरण गर्न, आफूले आर्जन गरेका ज्ञानलाई पुनः उपयोग गर्न अथवा भाषामा पुनः सङ्गठित गर्न, आदि कार्य गतिविधिहरूमा लेखनकै संलग्नता रहन्छ । उत्तरवर्ती क्रियाकलापका रूपमा सारांश उतार्न, प्रतिवेदन लेख्न, समीक्षा गर्न, परीक्षा दिन, तर्क प्रस्तुत गर्न आदि कार्यमा पनि लेखनकै संलग्नता रहने गर्दछ । भाषा शिक्षणको शिक्षण सिकाइ कार्यकलाप सञ्चालनपछि भाषाका प्रत्येक अपेक्षित सिपमा सक्षमता प्राप्ति आवश्यक छ । सिकारुलाई सुनाइ र बोलाइ सिप हुँदै पढाइ र लेखाइ सिपतिर उन्मुख गराइन्छ । यद्यपि यस अध्ययनमा निर्देशित कथनमा विद्यार्थीलाई अनुच्छेद रचना गर्न लगाइन्छ, विद्यार्थीले उक्त कथनमा आफ्नो तर्क प्रस्तुत गर्छन्, सो लेखन कार्यको अवलोकन गरिन्छ, उक्त लेखन क्रियाकलापपछि विद्यार्थीले लेखेको अनुच्छेद संरचनाको प्राज्ञिक स्वरूपका आधारमा तार्किक अभिक्षमताको परीक्षण गरिएको छ । तसर्थ भाषिक गतिविधिहरूको औपचारिक सम्प्रेषण गर्नका लागि लेखाइ सिपको अनिवार्य भूमिका रहन्छ ।

तार्किक लेखनलाई प्राज्ञिक लेखनको एक विशिष्ट विशेषता मानिन्छ । प्राज्ञिक लेखन आफैँमा विशिष्ट तरिकाको लेखन हो । यसको प्रकृति नै विषयविशेष र वस्तुपरक हुन्छ । "प्राज्ञिक लेखन भन्नाले मानवीय चिन्तन वा बुद्धिपक्षको प्रयोग भूमिमा आधारित अभिव्यक्तिलाई बुझिन्छ । दर्शन, वैचारिक लेख रचना आदिलाई प्राज्ञिक लेखन भनिन्छ (भण्डारी, २०७७, पृ. ४)" साथै "यो कुनै खास सिद्धान्त, चिन्तन, विचार, दृष्टिकोणको प्रधानता भएको अभिव्यक्तिसम्बन्धी लेखन हो (लम्साल र खनाल, २०७८, पृ.३५) ।" कुनै विषयका विज्ञले प्रस्ताव गरेको वा औपचारिक रूपमा कुनै अनुसन्धेय सामग्री प्रस्तुत गर्दा लेखिएको विशिष्ट संरचनालाई प्राज्ञिक लेखनका रूपमा चिनिन्छ । लेखनको एक स्तरीय कलाका रूपमा यसलाई लिइन्छ । समग्रमा भाषाका सिपमध्ये उत्कृष्ट तथा परिपक्व अवस्थामा विकसित हुने तथा उपल्लो तहका

विद्यार्थीको लेखन सिपका रूपमा प्राज्ञिक लेखनलाई अपनाउने गरिएको पाइन्छ । यसप्रकारको विशिष्ट प्रकारको लेखनलाई विशिष्ट बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने लेखन सिप नै तार्किक लेखन हो । "यो लेखनकलाको स्थापित लेखन हो, यसले शिक्षक, विद्यार्थी, अनुसन्धाता तथा अध्येतालाई व्यवस्थित तथा साझा रूपमा एकरूपता कायम गरी लेख्न सहयोग पुर्‍याउँछ (शर्मा, सन् २०२०, पृ. ६) ।" ओसिमा र हग (सन् २००७) ले पनि प्राज्ञिक लेखनलाई उच्च तहका विद्यालय तथा कलेजमा प्रयोग हुने लेखनका रूपमा प्रस्तुत गरेका छन् (पृ.३) । बाले (सन् २०१०) ले लेखनको एक अनिवार्य र महत्त्वपूर्ण तत्त्वका रूपमा तार्किक लेखनलाई प्रस्तुत गरेका छन् (पृ.पृ.६६–६७)। कुनै पनि लेखनलाई प्राज्ञिक बनाउनका लागि तार्किकताको विशेष भूमिका रहन्छ । तार्किक लेखनलाई प्राज्ञिक लेखनको महत्त्वपूर्ण अङ्गका रूपममा प्रस्तुत गर्दै शर्मा (सन् २०२०) ले तार्किक लेखन पद्धतिविना कुनै पनि लेखनको निष्कर्ष वस्तुगत बन्न सक्दैन, लेखनको प्रस्ट र प्रभावकारी निष्कर्षका लागि तार्किक लेखन शैलीको आवश्यकता पर्ने कुरा बताएका छन् (पृ.२१) । तसर्थ कुनै पनि अनुच्छेद रचनामा तार्किक लेखनको मुख्य भूमिका रहन्छ ।

विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायमा नेपाली भाषा शिक्षाको शिक्षण हुन्छ । उक्त भाषाशिक्षणमा भाषाका चारवटा सिपको अभ्यास हुन्छ । चारैवटा सिपमध्ये सबैभन्दा उन्नत र उच्चस्तरीय सिपका रूपमा लेखाइ सिपलाई अभ्यास गरिन्छ । भाषाशिक्षणका विद्यार्थीहरू विभिन्न प्रकृतिका लेखन सिपको अभ्यास गर्छन् । उक्त लेखन अभ्यासमध्ये तार्किक लेखनलाई एक महत्त्वपूर्ण र प्राज्ञिक प्रकृतिको लेखनका रूपमा अभ्यास गरिन्छ । विश्वविद्यालयको पाठ्यक्रमले नेपाली भाषा शिक्षामा विद्यार्थीको तार्किक लेखन सिपको पनि अपेक्षा गरेको छ । साथमा लेखनको तार्किकताभित्र उदाहरण, दाबी, प्रमाण, पक्ष तथा विपक्ष जस्ता विषयको प्रस्तुतिका पक्षहरू नेपाली शिक्षाका विद्यार्थीहरूका लागि आवश्यक पर्दछन् । ती पक्षहरूको विकास भएपछि मात्रै विद्यार्थीहरूको लेखन सिप विशिष्ट बन्न सक्ने भएकाले ती पक्षको परीक्षण गर्नु आवश्यक रहेको छ । नेपाली शिक्षामा लेखनका सामान्य, सिर्जनात्मक तथा प्राज्ञिक गरी तिनै प्रकारका लेखन सिपको अपेक्षा गरिएको छ । अतः प्राज्ञिक प्रकृतिको तार्किक लेखन जस्तो भाषिक सिप नेपाली शिक्षाका विद्यार्थीका लागि अत्यावश्यक भएको एवम् स्तरीय लेखाइ सिपको क्रियाकलापको आवश्यकता पर्ने भएकाले यस विषयमा अध्ययन गर्नु आवश्यक ठानिएको छ । साथै दाबी प्रस्तुत गरिएको, प्रमाण दिइएको, पुष्टि गरिएको लेखन क्रियाकलापको विकास, परीक्षण तथा मूल्याङ्कन गरिनुपर्ने भएकाले तथा प्राज्ञिक प्रकृतिको तार्किक लेखन सिपलाई विद्यार्थीको सिपसँग जोडी नेपाली भाषा शिक्षणका क्षेत्रमा कहीँ पनि अध्ययन नगरिएकाले उक्त रिक्तताको पूर्तिका लागि यो लेख तयार पारिएको हो ।

## समस्याकथन तथा उद्देश्य

अभिव्यक्तिको सशक्त माध्यम लेखाइ भएकाले यसमार्फत विद्यार्थीको सम्प्रेषणात्मक पक्षको विकास गर्ने लक्ष्य राखिएको हुन्छ । प्राज्ञिक प्रकृतिको तार्किक लेखनमा विषयको प्रस्तुतिमा दाबी प्रस्तुत गरिएको, प्रमाण दिइएको, पुष्टि गरिएको लेखन क्रियाकलापको विकास, परीक्षण आदिको वस्तुपरक पक्षलाई केन्द्रमा राखिन्छ । यसर्थ नेपाली शिक्षाका विद्यार्थीको तार्किक प्रकृतिको लेखाइ प्रविधिमा समस्या रहेको छ तथा लेख्य अभिव्यक्तिलाई दरिलो, ढाँचाबद्ध, स्तरीय र औपचारिक तथा विशिष्ट बनाउने तार्किक

लेखन अभ्यासको क्षमतामा विद्यार्थीहरूको स्थितिको अध्ययन गर्नु आवश्यक छ भन्ने विषयलाई यस अध्ययनको मुख्य समस्या मानिएको छ । साथमा उक्त समस्याको प्राज्ञिक समाधान गरी समग्रतामा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखन क्षमताको अवस्थाको परीक्षण गर्नु तथा लैङ्गिक रूपमा तार्किक लेखन क्षमताको तुलना गर्नु यस अनुसन्धानात्मक लेखको उद्देश्य रहेका छन् ।

## लेखको औचित्य

नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखन सिपको अभिक्षमता परीक्षणले लेखाइ सिपको उन्नत पक्षाको परीक्षण गर्दछ । लेखाइमा अपनाउनुपर्ने प्रक्रिया, बीज शब्द, दाबी प्रस्तुति, प्रमाण तथा सहयोगी वाक्य र तथ्यको प्रस्तुतिले लेखाइलाई ओजस्वी बनाउँछ । तसर्थ प्रस्तुत लेख नेपाली शिक्षाका विद्यार्थीहरूको तार्किक लेखन क्षमताको परीक्षणमा केन्द्रित छ । यसअन्तर्गत तार्किक लेखनका ढाँचा, तत्त्व, संरचना जस्ता पक्षका आधारमा लेखनलाई विशिष्ट तथा औपचारिक बनाउने अभ्यास गरिन्छ । भाषा शिक्षणको स्तरीय सिपका रूपमा विकास गरी लेखाइलाई प्राज्ञिक बनाउन तथा ढाँचाबद्ध लेखनको विकास गर्नका लागि समेत यो लेखको औचित्य रहेको छ । लेखाइका विशिष्ट पक्षअनुकूल अभिव्यक्तिमा एकरूपता ल्याई स्तरीय सिपको विकास गर्ने शिक्षक, विद्यार्थी, भाषा शिक्षक, प्रशिक्षक तथा सरोकारवालाका लागि समेत यसको औचित्य रहन्छ । भाषाका प्रदानात्मक सिपलाई परिष्कृत, सर्वस्वीकृत, वैध तथा औपचारिक बनाई विश्वसनीय बनाउनका लागि समेत यस अध्ययनको औचित्य रहेको देखिन्छ । तार्किक लेखन भनेको प्राज्ञिक लेखनको एक महत्त्वपूर्ण तत्त्व भएकाले यसमार्फत् विद्यार्थीको लेखकीय व्यक्तित्वको विकास गरी लेखाइलाई व्यक्तित्व निर्माणको आधारका रूपमा विकास गर्न पनि यस अध्ययनको औचित्य रहेको छ । साधारणत: अध्ययन अनुसन्धान गर्ने जो कसैलाई तार्किक अध्ययन तथा लेखाइको प्रकृतिको मूल्याङ्कन गर्नका लागि यस लेखले मदत पुर्‍याउने भएकाले यस लेखको उपयोगिता रहेको छ ।

## अध्ययनको परिसीमा

प्रस्तुत लेखमा स्नातक तहको नेपाली शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई मात्र अध्ययनको जनसङ्ख्या बनाइएको छ । स्नातक तह द्वितीय वर्ष, नेपाली शिक्षाका नियमित विद्यार्थीलाई मात्र नमुना बनाइएको छ । नियमित हाजिरीमा भएका क्याम्पसका २१ जना विद्यार्थीहरूको तार्किक लेखनअन्तर्गत अनुच्छेद लेखन, अनुच्छेद लेखनअन्तर्गत तर्क प्रस्तुति, तर्क प्रस्तुतिभित्र दाबी, प्रमाण, उदाहरण, सन्दर्भ, सहयोगी वाक्य तथा शब्द र पुष्टि, तर्कको पक्ष तथा विपक्षलाई मात्र अध्ययनको विषय बनाइएको छ ।

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचाको निर्माण

प्रस्तुत लेखको सैद्धान्तिक तथा अवधारणागत स्वरूपको निर्माण गर्न तथा अध्ययनको परिसीमा निर्धारण गरी अध्ययन विधि निर्धारण गर्न अगाडि भएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान, ग्रन्थ, तथा लेखहरूको समीक्षा गरिएको छ ।

भण्डारी (२०७२) ले प्राज्ञिक लेखनको एक सिपका रूपमा तार्किक लेखनलाई लेखन कलाका रूपमा प्रस्तुत गरेका छन् । लेखाइ सिपको स्तरीय सिपका रूपमा प्रस्तुत गर्दै उनले प्राज्ञिक लेखनका विभिन्न स्वरूप, ढाँचा तथा सिद्धान्तका बारेमा चर्चा गरेका छन् । ढकाल र खतिवडा (२०७५) ले भाषाशिक्षणको चर्चा गर्ने क्रममा लेखाइ सिपलाई उन्नत सिपका रूपमा प्रस्तुत गर्दै लेखनका प्रकारअन्तर्गत तार्किक लेखनलाई सम्पादनात्मक लेखनका रूपमा उल्लेख गरेका छन् । उनीहरूले सम्पादनात्मक लेखनमा तथ्यपूर्ण जानकारी, तार्किकता, वस्तुपरकता र बौद्धिकता प्रस्तुत हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । पाण्डेय (२०७७) ले विज्ञ समीक्षालाई प्राज्ञिक लेखनको एक अत्यावश्यक अङ्गका रूपमा प्रस्तुत गरी औपचारिक, परिपक्व, सिद्धान्तनिष्ठ, तार्किक र वस्तुपरक बनाउनका लागि प्राज्ञिक नियम तथा गुणहरूको विकास गर्नुपर्छ भन्ने धारणा राखेका छन् । लम्साल र खनाल (२०७८) ले तार्किक अनुच्छेदको परिचय र नमुना प्रस्तुत गरी यस्तो प्रकारको लेखनलाई विचारात्मक लेखनका रूपमा प्रस्तुत गरेका छन् । ओसिमा र हग (सन् २००७) ले अनुच्छेद लेखनको परिचय, अनुच्छेद लेखनका शैक्षाणिक प्रक्रिया, अनुच्छेद लेखनका विभिन्न ढाँचा, प्रकार, उदाहरण तथा विद्यार्थीहरूको अनुच्छेद लेखनमा तार्किकतासम्बन्धी सिपको अभ्यासलाई समेत प्रायोगिक ढङ्गले प्रस्तुत गरिएको छ । बाले (सन् २०११) ले आधुनिक शिक्षण पद्धतिमा समेत विद्यार्थीका लागि प्राज्ञिक लेखनको आवश्यकता देखाउँदै प्राज्ञिक लेखनको महत्त्वपूर्ण र अनिवार्य अङ्गका रूपमा तार्किक लेखन तथा यसको संरचनालाई प्रस्तुत गरेका छन् । कोलोना र गिल्बर्ट (सन् २००६) ले कुनै पनि विषयमा तार्किक विचार प्रस्तुत गर्नुपर्दा कम्तिमा तीनवटा कुरालाई छुटाउनै नहुने कुरा बताएका छन् : उदाहरण, दाबी र तिनीहरूलाई जोड्ने संयोजक आदि । तार्किक लेखनको विश्लेषण गर्ने आधार प्रस्तुत गर्दै लेकी (सन् २०१०) ले उदाहरण, पक्ष, विपक्ष तथा परिणाम जस्ता पक्षमा ध्यान दिएर विश्लेषण गर्न सुझाव दिएका छन् । यसैगरी तार्किक लेखनलाई प्राज्ञिक लेखनको एक अनिवार्य र महत्त्वपूर्ण पद्धतिका रूपमा प्रस्तुत गर्दै शर्मा (सन् २०२०) ले अनुसन्धानात्मक लेखन, शोधपत्र तथा उच्चस्तरीय निबन्ध लेखनमा समेत तार्किक पद्धतिले अहम् भूमिका खेल्ने कुरा प्रस्तुत गरेका छन् । साथमा उनले कुनै विशेष मुद्दामाथि बहस गर्दा अपनाइने वा आफ्नो विचार व्यक्त गर्दा पेस गरिने दाबी, विकल्प तथा प्रमाणले तर्कपूर्ण र वस्तुगत लेखनको निर्माण हुने कुरा व्यक्त गरेका छन् । अझै तर्कविना कुनै पनि लेखन वैयक्तिक लेखन बन्दछ भनेर लेखनको स्तरीयताका लागि पनि तार्किक लेखनको अभ्यास गरिनुपर्ने कुरो गरेका छन् । यद्यपि तार्किक लेखनमा कारण र प्रभावको चर्चालाई लेखनको बीज संयन्त्रका रूपमा लिइन्छ । यसर्थ माथिको पूर्वकार्यको अध्ययन गर्दा तार्किक लेखन एक विशिष्ट तथा वस्तुगत एवम् वैज्ञानिक लेखनप्रक्रिया हो । यस अध्ययनका लागि विद्यार्थीहरूको सक्षमतापरक परीक्षणलाई पनि आधार मानिएको छ । उपर्युक्त पूर्वकार्यका आधारमा तार्किक लेखन क्षमताको तथ्याङ्कशास्त्रीय परीक्षणका लागि आवश्यक पर्ने आधारभूत उपकरणलाई निम्नानुसार निर्माण गरी तथ्याङ्क विश्लेषणको सैद्धान्तिक आधार तयार गरिएको छ :

## सैद्धान्तिक आधार

**तर्कको दाबी :**

प्राज्ञिक प्रकृतिको तार्किक लेखनले कुनैपनि लेखनको तार्किक, तथ्यपरक तथा ढाँचाबद्ध संरचनाको निर्माण गर्छ । तर्कविना कुनै पनि विषयको तथ्यपरक निष्कर्षमा पुग्न सकिँदैन, यसले विषय वा पाठलाई प्रभावकारी निष्कर्षसम्म पुग्न मद्दत गर्दछ (शर्मा, सन् २०२०, पृ. २१) । यसर्थ विभिन्न खालका तर्कद्वारा लेखनमा नयाँ ज्ञान तथा विचारको स्वरूप बन्न सक्छ । यसमा दिइएको कथनको पुष्टिका लागि प्रथम वा अन्य वक्ता वा लेखकले विभिन्न संज्ञानात्मक दाबी गर्ने प्रक्रिया हुन्छ । कुनै पनि वक्ता वा लेखकले विभिन्न प्रमाण तथा उदाहरणका आधार एवम् कुनै पनि पूर्व नजिरका आधारमा दाबी प्रस्तुत गरिन्छ । जोनन सेदिता (सन् २०१७) र मेटिस्की र थ्रोलिन (सन् २०२२) ले तार्किक लेखनमा पाँच प्रकारका दाबी रहने कुरा प्रस्तुत गरेका छन् :

**तथ्यगत दाबी :** तथ्यमा आधारित दाबीलाई तथ्यगत दाबी भनिन्छ, यस प्रकारको दाबीले वादविवाद तथा पक्ष विपक्षाको तर्क निर्माणमा सहयोग गर्छ ।

**कारण र प्रभावको दाबी :** निदिष्ट विषयको कारण उठाई उक्त कारण वा विषयले पाठक वा लेखकलाई पारेको प्रभाव अझ लक्षित समूहलाई पारेका प्रभावका आधारमा गरिने दाबी कारण र प्रभावको दाबी हो । लेखनमा दिइएको कथनको प्रयोगको कारण र उक्त कथनले पारेको आमप्रभावलाई हेरेर दाबी गरिन्छ ।

**मूल्यगत दाबी :** यस्तो प्रकारको दाबी भनेको नैतिक तथा दार्शनिक प्रकृतिको हुनछ । उच्च बौद्धिकता तथा मूल्य वा अर्न्तज्ञानको विकास भएका व्यक्तिको लेखनमा यस्तो दाबी बढी पाइन्छ ।

**समाधानार्थ दाबी :** यस प्रकारको दाबीले चाहिँ बोलिसकेपछि वा लेखिसकेपछि कुनै पनि मुद्दाको उठान, विकास, विस्तार वा समाधान गर्नेपर्छ भन्ने मान्यता राख्तछ । यसको मतलव कम थालिहाल्नुपर्छ भन्ने मान्यता यस दाबीको हो ।

**प्रतिरोधात्मक दाबी :** यस प्रकारको दाबीलाई शक्तिशाली वा सशक्त दाबीका रूपमा लिइन्छ । आफ्नो लेखनलाई मजबुत बनाउनका लागि लेखकले विपक्ष वा विपरीत अर्थ लाग्ने तर्क गर्न सक्छ तथा विपक्षाको कमजोर पक्षलाई टेकेर आफ्नो शक्तिको बर्चश्व बनाउन खोज्छ ।

**तर्कको प्रमाण तथा सन्दर्भः**

विश्वासको निर्माण गर्नसक्ने कुनै कागजात, घटना, रेकर्ड, इतिहास, अन्तरवार्ता तथा अन्य कुनै प्रमाणका आधारमा आफ्नो तर्क प्रस्तुत गर्ने सिप तर्कको प्रमाण वा सन्दर्भको प्रस्तुतिको सिप हो । यस प्रकारको तर्कमा विभिन्न प्रसङ्गहरू, अतीतका तथा संलग्न भएका कुनै सँस्था, सङ्गठन एवम् पद प्रतिष्ठाका निर्णय पनि प्रमाणका रूपमा आउन सक्छन् ।

**तर्कको पुष्टि :**

कुनै पनि कथनलाई पुष्टि गर्नका लागि त्यससम्बन्धी आफूले प्रमाण पेस गर्नुपर्दछ । प्रमाणको पनि विश्वसनीयता, वैधता तथा आवश्यकता एवम् सान्दर्भिकता जस्ता पक्ष हुन्छन् । तसर्थ आफ्नो लेखाइको आवश्यकता दर्शाउन सक्ने लेखनलाई तर्कको पुष्टयाँई भन्ने गरिन्छ । यसका लागि आफ्नो तर्कलाई सहयोग गर्न आउने शब्द, वाक्य, चित्र, तथ्य जस्ता पक्ष पर्दछन् ।

**तर्कको उदाहरण तथा तथ्य :**

आफ्नो तर्कलाई पुष्टि गर्न तथा प्रामाणिक बनाउनका लागि अपनाइने तथ्य नै विश्वसनीय आधार बन्दछ । यस्ता उदाहरण समकक्षी, अग्रज, कनिष्ठ तथा अन्य बहुविधाका उदाहरण ल्याएर पुष्टि गरिने प्रक्रियासँग सम्बन्धित हुन्छन् । त्यस्ता उदाहरणहरू सम्बन्धित विषय वा कथनमा जोडिएका घटना, तथ्य, विचार, फेसबुक स्टाटस, कमेन्ट आदि उदाहरण हुनसक्छन् ।

**तर्कको पक्ष तथा विपक्ष :**

तर्कको प्रस्तुतिका क्रममा निष्कर्षमा पुग्न अघिका प्रक्रिया नै तर्कको पक्ष वा विपक्षको प्रक्रियाका रूपमा चिनिन्छ । यस कुरालाई उदाहरणसहित प्रस्तुत बाले (सन् २०१०) ले प्रस्तुत गरेका छन् : समस्या, समाधान १, समाधानका विरुद्ध तर्क क, समाधानका विरुद्ध तर्क ख, समाधानका विरुद्ध तर्क ग, समाधानका पक्षमा तर्क क, समाधानका पक्षमा तर्क ख तथा समाधानको सिद्धान्त अनि निष्कर्ष । यसर्थ निष्कर्षमा पुग्नका लागि पक्ष र विपक्षका बिच भएको वादविवादलाई सम्झौतामा लगेर सैद्धान्तिकीकरण गरिन्छ । यसका लागि समस्या र समाधानलाई सँगसँगै प्रस्तुत गरिएको हुन्छ ।


**तर्कको निष्कर्ष वाक्य :**

तर्कका प्रस्तुत गर्ने क्रममा पक्ष र विपक्ष वा सबल र दूर्बल पक्षको प्रस्तुतिपछि दिइएको कथनको सकारात्मक तथा नकारात्मक पक्षलाई  प्रस्तुत गरिन्छ । यसो गर्दा तर्कको सिद्धान्तअनुसार कुन तर्कको पक्षमा निष्कर्ष हुन्छ यकिन गर्नलाई सबै तर्कको प्रमाण र यथेस्ठ तथ्यको प्रस्तुति भएका वाक्यको पक्षबाट निष्कर्ष बन्न सक्तछ किनकि निष्कर्ष भनेको तर्कसम्बन्धी अन्तिम निर्णय पनि हो ।

**तार्किक लेखनमा अत्यावश्यक तत्त्वहरू :**

- **दाबी :** के कारणले दाबी गर्ने? के छन् दाबी गर्ने आधारहरू? अनि अरुको विचारको प्रतिक्रिया दिने के छ आधार ?प्रमाण के छ आफ्नो दाबी गर्नलाई ?
- दाबीलाई सहयोग गर्ने तथ्य के छ ?**कारण र प्रमाण**
- **सहयोगी तत्व**ले कारणसहित दाबी गर्छ,( *यो यस्तो हो र हुन्छ किनभने*)....यस्तो शब्दले दाबी गर्ने संरचना तयार गर्छ ।
- **प्रमाण**सहित दाबी गर्छ, यसमा कारणको प्रयोग गर्ने ।

  (यो प्रमाणका आधारमा यसको कारणले यो कुरो वा विषय यस्तो/दाबी बन्छ –तार्किक वाक्यको संरचना) ।




माथि प्रस्तुत सैद्धान्तिक आधारको केन्द्रीयतामा रहेर यस अध्ययनमा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखनको क्षमताको परीक्षण गरिएको छ ।

**वयस्क सिकाइ सिद्धान्त :**


वयस्कले कसरी सिक्छन्, बालबालिका र वयस्कको सिकाइका बिचमा के अन्तर हुन्छ भन्ने कुराको अध्ययन एन्ड्रागोजीमा गरिन्छ (माल्कोल्म, सन् १९८०) । वयस्क सिकारु परनिर्भरतर्फ ढल्किरहेको सिकारु हो, उसले आफ्नो सिकाइको गति आफैँ तय गर्न सक्छ । आफ्नो धारणा आफैँ बनाउन सक्ने स्वतन्त्र र भूमिका निभाउन सक्ने आत्मविश्वासी बन्ने भएकाले यिनीहरू बालबालिकाभन्दा फरक र अलि क्षमतावान् हुन्छन् । आफ्नो स्वगतिमा सिक्न र निर्णय गर्नसक्ने व्यक्ति भएकाले उनीहरूलाई परिपक्व सिकारुका रूपमा हेरिन्छ । उनीहरू समस्याकेन्द्रित भए तापनि आफ्नो समस्या समाधानमा नयाँ नयाँ ज्ञानको प्रयोग चाहन्छन् (माल्कोल्म, सन् १९८०) । आफ्नो नतिजाको व्याख्या पनि उनीहरू आफैँ गर्न सक्दछन् ।

**वयस्क सिद्धान्त र तार्किक लेखन सिपको सार :**

आफैँ सिक्न र केही गर्न खोज्ने उमेर भनेको स्नातक तहका विद्यार्थीको उमेर(२१/२२) हो । उक्त उमेरमा सिक्ने शैली र तरिका जस्तो हुन्छ, वयस्क सिकाइको सिद्धान्तले त्यस्तै बताउँछ । आत्मकेन्द्रित र स्वनिर्भरमा आधारित सिकाइ हुने र वयस्क सिकाइमा पनि उस्तै हुने भएकाले यहाँ स्नातक तहका विद्यार्थीलाई वयस्क विद्यार्थीका रूपमा प्रस्तुत गरी उनीहरूको सिकाइ गतिका आधारमा वयस्क सिकाइ सिद्धान्तसँग जोडिएको छ ।

**अवधारणात्मक ढाँचा**

यस लेखमा निम्नानुसारको अवधारणात्मक ढाँचाको अवलम्बन गरिएको छ :



## अध्ययन विधि तथा सामग्री

यस लेखमा पोस्टपोजिटिभिज्म प्याराडाइमको दार्शनिक आधार प्रस्तुत गरिएको छ । साथमा परिमाणात्मक पद्धतिको उपयोग गरी कक्षा अवलोकनको ढाँचामा अध्ययन गरिएको छ । स्नातक तह ( बीएड) दोस्रो वर्षका विद्यार्थीलाई यस अध्ययनमा नमुनाका रूपमा लिइएको छ । दोस्रो वर्षमा पनि नेपाली शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अध्ययनका सूचक बनाइएको छ । दोस्रो वर्षमा भर्ना भएका १२२ जना विद्यार्थीमध्ये परिमाणात्मक अध्ययन पद्धतिको मान्यताअनुसार जम्मा २१ जना विद्यार्थीलाई प्रश्नोत्तर विधिमा आधारित "मेरा बाबु नै मेरो जीवनको हिरो हुनुहुन्छ" शीर्षकमा अनुच्छेद निर्माण गर्न लाइएको छ । सिद्धान्तअनुसार १२ जना विद्यार्थी छनोट गर्दा पनि स्वीकृत हुने अवस्था हो यद्यपि २१ जना विद्यार्थी नियमित भएकाले उनीहरूलाई नै समेटिएकाले उक्त अनुच्छेदमा उनीहरूले अपनाएका दाबी, प्रमाण, उदाहरण, पक्ष, विपक्ष तथा निष्कर्षलाई निर्देश गरी हरेकलाई निम्नानुसार अङ्कन गरी मध्यमान र प्रतिशतका आधारमा विश्लेषण गरिएको छ ।

| अध्ययनका आधार | अङ्क |
|---|---|
| तर्कको दाबी | २ |
| तर्कको प्रमाण तथा सन्दर्भ | २+२ = ४ |
| तर्कको पुष्टि | २ |
| तर्कको उदाहरण तथा तथ्य | २+२ = ४ |
| तर्कको पक्ष तथा विपक्ष | १.५+१.५ = ३ |
| जम्मा | १५ |

## छलफल तथा परिणाम

प्रस्तुत लेखमा सूचकलाई दिइएको कथनमा प्रस्तुत गरेका तर्कको दाबी, तर्कको प्रमाण तथा सन्दर्भ, तर्कको पुष्टि, तर्कको उदाहरण तथा तथ्य, तर्कको पक्ष तथा विपक्ष गरी पाँच आधारमा प्राप्त गरेका अङ्कका आधारमा विद्यार्थीको तार्किक लेखन क्षमताको परीक्षण गरिएको छ । उक्त परीक्षणलाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**समग्रतामा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखनको सक्षमताको परीक्षण :**

तालिका १

*समग्रतामा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखनको सक्षमताको परीक्षण*

| तर्कको दाबी | | तर्कको प्रमाण तथा सन्दर्भ | | तर्कको पुष्टि | | तर्कको उदाहरण तथा तथ्य | | तर्कको पक्ष तथा विपक्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत |
| १.५ | ६३% | १.५४ | ७७.३८% | १.३५ | ६७.८५% | १.६६ | ५८.३३% | १.१९ | ५९.५२% |

*स्रोत : कक्षा तथा स्थलगत अध्ययन, २०८०*

माथिको तालिका नं १ मा नेपाली शिक्षाका विद्यार्थीहरूको तार्किक लेखनको समग्र सक्षमतालाई प्रस्तुत गरिएको छ । जसमा लेखनका लागि तर्कको दाबी गर्ने क्षमता ६३% रहेको देखियो भने तर्कको प्रमाण तथा सन्दर्भ प्रस्तुत गर्ने क्षमता ७७.३८% रहेको पाइएको छ । यसैगरी तर्कको पुष्टि गर्ने क्षमता ६७.८५% रहेको पाइयो भने तर्कको उदाहरण तथा तथ्य प्रस्तुत गर्ने क्षमता ५८.३३% रहेको पाइएको छ । यसैगरी तर्कको पक्ष तथा विपक्षमा आफ्नो विचार राख्ने क्षमता ५९.५२% रहेको पाइयो । समग्रमा प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा नेपाली शिक्षाका विद्यार्थीको तार्कि लेखनमा तर्कको प्रमाण तथा सन्दर्भ प्रस्तुत गर्ने क्षमता बढी रहेको पाइयो भने दिइएको तर्कमा आफ्नो उदाहरण तथा तथ्य प्रस्तुत गर्ने क्षमता अलि कम रहेको पाइयो किनकि तार्किक लेखनको एक महत्त्वपूर्ण र अनिवार्य सर्तका रूपमा तर्कको उदाहरण तथा तथ्य क्षमतालाई लिइन्छ । यस परीक्षणमा नेपाली शिक्षाका विद्यार्थीको क्षमता समग्रमा औसत नै देखिएको छ यद्यपि तार्किक लेखन तथा पठनका क्रियाकलापहरू बढाइरहनुपर्दछ । समग्रतामा हेर्दा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखनको अभिक्षमता ६५.२१% देखिएको छ ।

**विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा तार्किक लेखन क्षमताको परीक्षण :**

वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा हाल १४२ जाति सूचीकृत छन् भने १२४ भाषा मातृभाषाका रूपमा सूचीकृत रहेको पाइन्छ । तसर्थ ती सबै भाषा अस्तित्वमा भएकाले ती सबै भाषिक पृष्ठभूमिका विद्यार्थीहरू कक्षामा आएका हुन्छन् । शिक्षण सिकाइको माध्यम भाषा र विद्यार्थीको भाषामा हुने समानता र असमानताका कारण सिकाइ तथा भाषिक सक्षमतामा पनि फरक पर्न सक्छ (नेपाल, २०८०) । तसर्थ यस अध्ययनमा भाषिक कक्षामा रहका विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा तार्किक लेखनको सक्षमताको परीक्षण गरी तुलना गरिएको छ । यस अध्ययनमा नेपाली मातृभाषी विद्यार्थी १४ जना तथा नेपाली विमातृभाषी विद्यार्थी ७ जनाको तार्किक लेखन क्षमताको परीक्षण गरिएको छ । तुलनात्मक अध्ययन पनि तार्किक लेखनको एक महत्त्वपूर्ण पक्ष भएकाले यहाँ तुलनात्मकतालाई ध्यानमा राखी प्रस्तुत गरिएको छ :

तालिका नं २

*भाषिक पृष्ठभूमिका आधारमा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखन क्षमता*

| आधार | नेपाली मातृभाषी विद्यार्थी | | नेपाली गैरमातृभाषी विद्यार्थी | |
|---|---|---|---|---|
| | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत |
| तर्कको दाबी | १.७१ | ८५.७१% | १.६४ | ८२.१४% |
| तर्कको प्रमाण तथा सन्दर्भ | १.६४ | ८२.१४% | १.८५ | ९२.८५% |
| तर्कको पुष्टि | १.५७ | ७८.५७% | १.४२ | ७१.४२% |
| तर्कको उदाहरण तथा तथ्य | १.०७ | ५३.५७% | १.५७ | ७८.५७% |
| तर्कको पक्ष तथा विपक्ष | १.३५ | ६७.८५% | १.२८ | ६४.२८% |

*स्रोत : कक्षा तथा स्थलगत अवलोकन, २०८०*

माथिको तालिका नं २ मा भाषिक पृष्ठभूमिका आधारमा नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखन क्षमताको परीक्षणलाई प्रस्तुत गरिएको छ । नेपाली मातृभाषी विद्यार्थीको तर्कको दाबीमा ८५.७१% तथा गैरमातृभाषी विद्यार्थीको ८२.१४% रहेको देखिएको छ । यसैगरी तर्कको प्रमाण तथा सन्दर्भमा नेपाली मातृभाषीको ८२.१४% तथा गैरमातृभाषीको ९२.८५% रहेको पाइएको छ । साथै तर्कको पुष्टिमा नेपाली मातृभाषीको ७८.५७% र गैरमातृभाषीको ७१.४२% रहेको पाइएको छ । यसै प्रकारले तर्कको उदाहरण तथा तथ्यमा नेपाली मातृभाषी विद्यार्थीको ५३.५७% तथा गैरमातृभाषीको ७८.५७% नै रहेको पाइएको छ भने तर्कको पक्ष तथा विपक्षमा नेपाली मातृभाषीको ६७.८५% तथा गैरनेपाली मातृभाषीको ६४.२८% स्थिति रहेको पाइएको छ । जसअनुसार नेपाली मातृभाषी विद्यार्थीको तर्कको दाबीमा अलि बढी सक्षमता देखिन्छ भने तर्कको प्रमाण तथा सन्दर्भको प्रयोगमा भने गैरनेपाली मातृभाषी विद्यार्थीको सक्षमता अलि बढी रहेको देखिन्छ । तर्कको पुष्टिमा भने नेपाली मातृभाषी र गैरनेपाली मातृभाषी विद्यार्थीको अभिक्षमता खासै धेरै अन्तर देखिँदैन । त्यसैगरी तर्कको उदाहरण तथा तथ्य प्रस्तुतिमा नेपाली मातृभाषी विद्यार्थीको भन्दा नेपाली विमातृभाषी विद्यार्थीको क्षमता बढी देखिएको छ । साथमा तर्कको पक्ष तथा विपक्षको प्रस्तुतिमा भने नेपाली मातृभाषी विद्यार्थीको अलि कति बढी क्षमता देखिएको छ यद्यपि नेपाली विमातृभाषी विद्यार्थीको पनि ६४.२८% क्षमता देखिएकाले नेपाली मातृभाषी कै हाराहारी जस्तो क्षमता देखिएको छ किनकि नेपाली मातृभाषी विद्यार्थीको क्षमता ६७.८५% मात्र देखिएको छ । स्वभावैले पनि गैरमातृभाषी विद्यार्थीलाई शिक्षणीय सरलतामा समस्या भएको तथा सिकाइमा एकरूपता सिर्जना नभएको देखिन्छ । समग्रमा भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीको औसत क्षमता ७३.५१ प्रतिशत रहेको पाइएको छ भने नेपाली विमातृभाषी विद्यार्थीको औसत क्षमता ७७.९५ प्रतिशत रहेको पाइएको छ ।

## नतिजा तथा उपलब्धि

स्नातक तहको नेपाली शिक्षा अध्ययन गर्ने विद्यार्थीको तार्किक लेखन अभिक्षमताको परीक्षण गर्ने उद्देश्यले तयार गरिएको प्रस्तुत लेखका लागि सङ्कलित सामग्रीको अध्ययन तथा विश्लेषण गर्दा उक्त तहका जम्मा २१ जना विद्यार्थीको समग्रतामा तथा भाषिक पृष्ठभूमिलाई मुख्य आधार बनाइएको छ । उनीहरूको तार्किक लेखनको समग्रतामा परीक्षण गर्दा लेखन अभ्यासमा औसत स्थिति रहेको पाइयो । यसअनुसार तार्किक लेखनको क्षमता ६५.२१% रहेको देखिन्छ तथापि तार्किक लेखन हुनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण गुणहरू जस्तै, तर्कको दाबी, तर्कको प्रमाण तथा सन्दर्भ, तर्कको पुष्टि, तर्कको उदाहरण तथा तथ्य, तर्कको पक्ष तथा विपक्ष जस्ता पक्षको औसत क्षमता पनि औसत नै रहेको पाइयो । तर्कको दाबीमा भने ६३% क्षमता देखिनु औसतकै हाराहारी रहेको पाइएको छ । त्यसैगरी तर्कको प्रमाण तथा सन्दर्भमा सन्तोषजनक देखिएको छ भने तर्कको पुष्टिमा पनि औसत स्तरकै क्षमता रहेको पाइएको छ । तर्कको प्रमाण तथा सन्दर्भमा भने औसतकै स्तरको क्षमता रहेको पाइएको छ ।

त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको क्षमता मध्यम स्तरको नै देखिन्छ । भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीको औसत क्षमता ७३.५१ प्रतिशत रहेको पाइएको छ भने नेपाली विमातृभाषी विद्यार्थीको औसत क्षमता ७७.९५ प्रतिशत रहेको पाइएको छ । यसका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीको भन्दा नेपाली विमातृभाषी विद्यार्थीको तार्किक लेखन क्षमता बढी रहेको पाइएको छ ।

यस नतिजाको विश्लेषण गर्दा कुनै पनि विद्यार्थीको लेखाइमा एकरूपता पाइएको छैन किनकि तर्कको दाबी, तर्कको प्रमाण तथा सन्दर्भ, तर्कको तर्कको पुष्टि, तर्कको उदाहरण तथा तथ्य, तर्कको पक्ष तथा विपक्ष जस्ता पक्षको क्षमतामा पनि विद्यार्थीपिच्छे फरकपन पाइएको छ । तार्किक लेखनमा कम्तिमा कारण तथा प्रभावका बिचमा एकरूपता चाहिन्छ । उक्त एकरूपताका लागि तार्किक लेखनमा निरन्तर अभ्यास तथा परिष्कारको आवश्यकता पर्दछ । स्थलगत सर्वेक्षण तथा कक्षा अवलोकनमा आधारित अध्ययन भएकाले स्नातक तहको नेपाली शिक्षाका दोस्रो वर्षका नियमित विद्यार्थीको मात्रै क्षमता परीक्षण गरिएको तसर्थ अनियमित विद्यार्थीको अध्ययन नसमेटिएकाले उक्त पक्षलाई यस अध्ययनको सीमाका रूपमा लिइएको छ ।

## निष्कर्ष

तार्किक लेखन सिपको विकासले उच्च तहका विद्यार्थीको स्तरीय लेखन सिपको विकास भएको मानिन्छ । यस तहको तार्किक लेखनलाई प्राज्ञिक लेखनको प्रकृतिको लेखनका रूपमा लिइन्छ । यस अध्ययनमा स्नातक तह, दोस्रो वर्षका नेपाली शिक्षाका विद्यार्थीको प्राज्ञिक प्रकृतिको तार्किक लेखनको सिपको परीक्षण गरी उनीहरूको लेखनको स्तर पहिचान गरिएको छ । तार्किक शब्दले समेत लेखनको प्राज्ञिकता झल्काउँछ भन्ने ल्योन्स् र हिस्लेको मान्यताअनुसार “लेखन क्षमता लेखन सिपमा भर पर्छ, लेखन सिप लेखन अभ्यासमा भर पर्दछ (सन् २००९, पृ.१०)” । यस अध्ययनमा पनि स्नातक तहका नेपाली शिक्षाका विद्यार्थीको तार्किक लेखनको समग्र क्षमता हेर्दा औसत स्तरको देखिएकाले लेखनको अभ्यासमा

अलि ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी वालवर्क (सन् २०११, पृ. ३–५) ले पनि लेखनलाई अभिव्यक्तिको पनि एक सशक्त माध्यमका रूपमा प्रस्तुत गरेअनुसार यस अध्ययनमा नेपाली शिक्षाका विद्यार्थीको लेखन सिप, लेखन योजना, शब्द चयन तथा विन्यास, वाक्य संरचनाको चयन, अनुच्छेदको संरचना तथा वाक्यका बिचको सम्बन्धमा औसत नै क्षमता रहेको देखिएकाले उनीहरूको समग्र अभिव्यक्ति क्षमता सिप नै औसत रहेको देखिन्छ । तसर्थ तार्किक लेखनको प्रकृति प्राज्ञिक लेखनको गुणसँग जोडिएकाले प्राज्ञिक अभ्यासको योजना बनाई विद्यार्थीलाई पाठ्यक्रमले तोकेका उच्चस्तरीय सिपको विकास गर्ने अभ्याससँग जोड्नुपर्छ ।

## सन्दर्भसामग्री सूची

### नेपाली सामग्री


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* (पाँचौँ संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण,* साझा प्रकाशन ।

कोलोना, एम. आर र गिल्बर्ट, जे.इ. (सन् २००६), *रिजन टु राइट : स्ट्राटेजिज फर सक्सेस इन एकाडेमिक राइटिङ्,* अक्सफोर्ड युनिभर्सिटी ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०७५), *नेपाली भाषा शिक्षण,* पिनाकल पब्लिकेसन ।

नेपाल, शक्तिराज (२०७९), *भाषिक सम्पादन कला,* करुधरा पब्लिकेसन ।

पाण्डेय, ताराकान्त (२०७७), 'प्राज्ञिक लेख : विज्ञ समीक्षाको प्रयोग', नेपाल नाम्चा डटकम, माघ २२ गते ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७४), *नेपाली भाषा शिक्षण,* क्याम्ब्रिज पब्लिकेसन ।

भट्टराई, रामप्रसाद (२०७८), *भाषिक सम्पादन कला,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७६), *व्यावहारिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७७), *प्राज्ञिक तथा सिर्जनात्मक लेखन र सम्पादन,* सनलाइट पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।


### अङ्ग्रेजी सामग्री


ओसिमा, एलिस र एन, हग (सन् २००७), *इन्ट्रोडक्सन टु एकाडेमिक राइटिङ्,* अक्सफोर्ड प्रेस ।

ए. मिथुराज (सन् २०२१), 'एन इन्भेस्टिगेसन इन टु दि टिचिङ् एन्ड एसेस्मन्ट अफ क्रियटिभ  राइटिङ् इन इङ्लिस एट हाइयर एजुकेसन लेभल', अप्रकाशित विद्यावारिधि थेसिस, शिक्षा विभाग, अल्गडा विश्वविद्यालय, तामिलनाडु ।

कोफिन, कर्लिन र अन्य (सन् २००३), *टिचिङ एकाडेमिक राइटिङ्,* लन्डन प्रेस एन्ड पब्लिसर्स ।

बाले, स्टेफेन (सन् २०११), *एकाडेमिक राइटिङ : ए हेन्डबुक फर इन्टरनेसनल स्टुडेन्ट्स,* लन्डन प्रेस एन्ड पब्लिसर्स ।

मर्फी, पौल (सन् २०२३), *एकाडेमिक राइटिङ्, मास्टरिङ् साइटेसन एन्ड रिफरेन्सिङ,* सेरलक क्लोज, क्याम्ब्रिज, यूके ।

वालवर्क, एड्रिन (सन् २०११), *इङ्लिस फः राइटिङ् रिसर्च पेपर्स,* स्प्रिङ्गर न्यूयोर्क ।

लेकी, आइरोना (सन् २०१०), *एकाडेमिक राइटिङ्* (चौथो संस्क.), क्याम्ब्रिज युनिभर्सिटि प्रेस ।

ल्योन्स्, लिज ह्याम्प र हिस्ले, बेन (सन् २००९), *स्टडी राइटिङ् : अ कोर्स इन रिटन इङ्लिस फर एकाडेमिक पर्पोजेज* (दोस्रो संस्क.), क्याम्ब्रिज प्रकाशन ।

शर्मा, विकास (सन् २०२०), *रिडिङ्स् इन बेसिक एकाडेमिक राइटिङ्,* सनलाइट पब्लिकेसन ।

सुल्तान, सहिन (सन् २०१९), *अप्रोजेज टु एकाडेमिक राइटिङ् एट दि टेर्सिएरी लेभल इन बङ्लादेश* , अप्रकाशित विद्यावारिधि थेसिस, अङ्ग्रेजी विभाग, गोवा विश्वविद्यालय ।

सेदिता, जोनन (सन् २०१७), टिचिङ् बेसिक आर्गुमेन्ट राइटिङ् कम्पोनेन्ट्स्, *https://keystoliteracy.com/blog/teaching-basic-argument-writing-components/, Literary Lines.*

हार्मर, जेर्मी (सन्  २००३), *द प्राक्टिस अफ इङ्लिस ल्याङ्वेज टिचिङ्* (तेस्रो.संस्क.), पर्सने एजुकेसन लिमिटेड ।